**Naya Nepal Laghubitta Bittiya Sanstha Ltd.**

# नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

धुलिखेल न.पा.-३, काभ्रेपलाञ्चोक, फोन नं. : ०११-४९०६७१,
इमेलः nemfin@ntc.net.np, वेवसाइटः www.nemfin.com.np

को

## संस्थापक तथा सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७५/०८/१३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७५/०८/२०**

यस नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको हकप्रद शेयर निष्काशनको लागि मिति २०७५/०४/२७ देखि २०७५/०५/३१ सम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा **संस्थापक समूहतर्फ ८६,०९३ कित्ता** र **सर्वसाधारण समूहतर्फ १७,२६० कित्ता** गरी जम्मा **१,०३,३५३** कित्ता शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७५ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरू लिलाम बढाबढ गरी बिक्री गर्न यस लघुवित्त वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार संस्थापक शेयर खरीदको लागि यस कम्पनीमा हाल कायम रहेका विद्यमान संस्थापकहरूले मात्र तथा सर्वसाधारणतर्फको शेयर खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरूले **मिति २०७५/०८/२० गते अपरान्ह ३:०० बजेभित्र** तल उल्लेखित संकलन केन्द्रहरूमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**संकलन केन्द्रहरू:**

| | | | |
|---|---|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं | ५. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, पोखरा |
| २. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, विराटनगर | ६. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, नेपालगञ्ज |
| ३. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, वीरगंज | ७. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, सुर्खेत |
| ४. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, बुटवल | ८. | एनएमबि बैंक लिमिटेड शाखा कार्यालय, धनगढी |

**लिलाम बढाबढद्धारा बिक्री गरिने धितोपत्रको विवरण :**

**बिद्यमान संस्थापकहरूको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : ८६,०९३ कित्ता**

**सर्वसाधारणहरुको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : १७,२६० कित्ता**

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम माथि उल्लेखित संकलन केन्द्रहरूबाट रू. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । साथै, एनएमबि बैंकका शाखा कार्यालयहरूबाट आवेदन दिन चाहने आवेदनकर्ताहरूले बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दाभिन्दै शिलबन्दी खामभित्र आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरूको नामबाट आवेदन गर्दा आफ्नो आधिकारीक पत्र मार्फत तोकिए अनुरूपको सूची बनाई सम्पूर्ण आवेदकहरूको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा **न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा** वा संस्थापकतर्फ अधिकत्तम ८६,०९३ कित्ता तथा सर्वसाधारणतर्फ १७,२६० कित्तासम्मका लागि आवेदन दिन सकिनेछ । हाल कायम रहेको शेयर र आवेदन गरेको शेयर समेत गरी नेपाल राष्ट्र बैंकले तोकेको अधिकत्तम सिमासम्म मात्र आवेदन दिन सकिनेछ । रू.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रूपमा र रू. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो प्यान नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ । साथै, संस्थापकहरूले आफ्नो आयको विवरण समेत पेश गर्नुपर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम **मिति २०७५/०८/२० गतेसम्मा** तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरि धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा एनएमबि क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको **A/C Payee Cheque** वा **Manager's Cheque** संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोनु पर्नेछ तथा रू. २ लाख भन्दा बढी रकमको **Good For Payment** को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम बबोलपत्र आवेदन फारामका साथ अनिवार्य बुझाउनु पर्नेछ ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | **एनएमबि बैंक लिमिटेड*** | NMBCL-Right NNLBSL 2074/75 | ००१००६०००५४०१००००२३० |
| २. | **कामना सेवा विकास बैंक लि.** | NMBCL-Right NNLBSL 2074/75 | ०४१००३००२०७७०९००००01 |

*** नोटः एनएमबि बैंक लिमिटेडको हकमा नक्साल शाखा बाहेक अन्य सम्पूर्ण शाखाहरुमा नगद रकम बुझाउन सकिने छ ।**

७. Swift Transfer को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ती वा संस्थाले Swift Transfer आदेशको कपि र खातामा रकम जम्मा भएको कपि संलग्न राखि आवेदन दिन सक्नेछन् । यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भइसकेको हुनुपर्नेछ ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनु पनेछ । बोलपत्र आवेदक संगठित संस्था, फर्म वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं., कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**नयाँ नेपाल –शेयर खरीद आवेदन**" उल्लेख गरी **संस्थापक** वा **सर्वसाधारण** जनाएको हुनुपर्नेछ ।

१०. बोलपत्र **मिति २०७५/०८/२० गते अपरान्ह ३.०० बजेभित्र** यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरूमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. प्राप्त बोलपत्रहरू सम्पूर्ण तोकिएका संकलन केन्द्रहरूबाट निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरूबाट संकलित आवेदन फारमहरू कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

१४. प्राप्त बोलपत्रहरूको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ ।

१५. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिएको समयवधी भित्रमा IPS मार्फत आवेदकहरूको बैक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१७. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिमा रहनेछ ।

**बिक्री प्रबन्धकः**

NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np, Url: www.nmbcl.com.np